नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

## (निजामती)

पत्र संख्याः २०८२/०८३

च.नं. ९७३

मितिः- २०८३/०१/२३

विषयः- तलबी प्रतिवेदन पारित र ग्रेड यकिन सम्बन्धी जानकारी सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै।

प्रस्तुत विषयमा विभिन्न जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयकहरुबाट विभिन्न सेवा समूहका कर्मचारीहरुको ग्रेड यकिन सम्बन्धमा द्विविधा उत्पन्न भई यस विभागमा ग्रेड यकिनका लागि पत्राचार भएकोमा जिल्ला स्थित कार्यालयहरुको हकमा निजामती सेवा ऐन, २०४९ को दफा७ख.(२) अनुसार **'मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यका भित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा राष्ट्रिय किताबखाना (निजामती) र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउनु हुँदैन'** भन्ने व्यवस्था भएको तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८०, मिति २०७६/०५/१८ को परिपत्र अनुसार बुँदा नं. ४ मा **'स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्ने'** भनी उल्लेख भएकोले तपसिल बमोजिम ग्रेड यकिन गर्ने तथा तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा सोही अनुसार गर्नुहुन अनुरोध छ।

**<u>तपसिलः</u>**

१. प्राविधिक ग्रेडको हकमा २०५७/०४/०१ गते भन्दा अगाडि प्राविधिक पदमा नियुक्ति र हाजिरी भई हालसम्म पनि प्राविधिक पदमा निरन्तर वहाल रहेका कर्मचारीले मात्र प्राविधिक ग्रेड प्राप्त गर्ने तर रा.प. प्रथम श्रेणी र श्रेणी विहिन वन रक्षक कर्मचारीको हकमा निजहरुले प्राविधिक ग्रेड नपाउने साथै प्राविधिक पदको तल्लो पदबाट रा.प.श्रेणीमा बढुवा/नियुक्ति हुँदा तल्लो पदमा खाइपाई आएको प्राविधिक २ ग्रेड समेत समावेश गरी हिसाब मिलान गर्ने तर स्वास्थ्य सेवाका एघारौं तहसम्मका कर्मचारीले प्राविधिक ग्रेड पाउने।

२. जुनसुकै सेवा समूहका कर्मचारीको हकमा पनि शुरु नियुक्तिको हकमा हाजिरी भएको मितिलाई आधार मानेर ग्रेड हिसाब गर्ने ।

महानिर्देशक

पत्र संख्याः २०८२/०८३

३. बढुवा/नियुक्ति भएका कर्मचारीहरुको हकमा निर्णय वा लागू मिति मध्ये जुन मिति पछाडि छ त्यही मितिलाई आधार मान्ने तर न्याय सेवाका कर्मचारीको हकमा माथिल्लो पदमा बढुवा/ नियुक्ति हुँदा लागू हुने मितिलाई आधार मान्ने ।

४. **कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम** समान पद/तहमा प्रदेश वा स्थानीय तहमा समायोजन भएर गएका कर्मचारीहरुलाई उक्त कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहमा गई हाजिर भएको मितिदेखि लागू हुने गरी थप २ ग्रेड दिनुपर्दछ र माथिल्लो पदमा बढुवा गर्दा समेत समायोजन बापतको उक्त ग्रेड राखेर ग्रेड हिसाब गर्नुपर्दछ। तर उक्त कर्मचारी समायोजन हुँदा जुन पद/तहमा समायोजन भएको हो सो पद/तहभन्दा माथिल्लो पद/तहमा बढुवा भएपश्चात् समायोजन बापतको उक्त ग्रेड नपाउने व्यवस्था छ ।समान पद/तहमा समायोजन भएर प्रदेश/स्थानीय तहमा गएका कर्मचारीको हकमा समायोजन गर्दा थप गरिएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिने।

५. <u>उदाहरणका लागि असाधारण र बेतलबी विदाको हकमा हिसाब गर्ने तरिकाः</u>

| क्र. सं. | विदा लिनु पूर्व ग्रेड वृद्धि भएको मिति | विदा लागू हुने मिति | विदा लिँदा अर्को ग्रेड पाउने बाँकी महिना र दिन | विदा लिएको अवधि | कार्यालयमा हाजिर हुन आउने मिति | ग्रेड वृद्धिको लागि नयाँ कायम हुने मिति (हाजिर हुन आएको मितिमा ग्रेड पाउन बाँकी महिना र दिन जोड्ने) |
|---|---|---|---|---|---|---|
| १. | हरेक वर्षको फागुन १ | २०७७/१२/०१ | ११ महिना | २ वर्ष ३ महिना १५ दिन | २०८०/०३/१६ | २०८०/०३/१६ + ११ महिना = २०८१/०२/१६ गते |
| २. | हरेक वर्षको बैशाख २ | २०७७/१२/०१ | १ महिना | २ वर्ष ३ महिना १५ दिन | २०८०/०३/१६ | २०८०/०३/१६ + १ महिना = २०८०/०४/१७ गते |
| ३. | हरेक वर्षको मंसिर १० | २०७७/०१/२० | ६ महिना २० दिन | ३ महिना | २०७७/०४/२० | २०७७/०४/२० + ६ महिना २० दिन = २०७७/११/१० गते |

कुनै कर्मचारी असाधारण र बेतबली विदामा रहेको अवस्थामा निज विदामा रहेको अवधिको थप ग्रेड संख्या नदिने।

६. कुनै कर्मचारी निलम्बनमा रहेको अवस्थामा निलम्बन अवधिभर थप ग्रेड संख्या नदिने। तर निलम्बन पश्चात् निलम्बन फुकुवा भएमा निलम्बन अवधिको ग्रेड समेत दिने। गयल कट्टी

महानिर्देशक

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (निजामती)

पत्र संख्याः २०८२/०८३

भएको अवस्थामा गयल कट्टी भएको अवधिलाई घटाएर मात्र अर्को ग्रेड थप हुने मिति कायम गर्ने।

७. कुनै कर्मचारीलाई पुरस्कार वापत ग्रेड रकम दिइएको रहेछ भने सो अवधिमै पुरस्कार ग्रेड समेत राखेर हिसाब गर्ने र पुरस्कार वापत दिइने ग्रेड रकम राखेर हिसाब गर्दा उक्त श्रेणीमा पाइने अधिकतम ग्रेड संख्या नाघ्न नहुने।

८. स्तर वृद्धि हुने स्वास्थ्य सेवाका कर्मचारीहरु र तहवृद्धि हुने कार्यालय सहयोगी पदका कर्मचारीहरुको हकमा माथिल्लो पदमा स्तर/तह वृद्धि हुँदा प्रोत्साहन वापतको थप ग्रेड संख्या नदिने।

९. औषधी उपचार सहयोग स्वरुप रकम वृद्दि सम्बन्धमा मिति २०६२/०४/०१ मा ८५ वर्ष उमेर पुगेपछि १०% दिने र २०६४/०४/०१ मा ७५ वर्ष उमेर पुगेपछि १०% दिने प्रावधान रहेकोमा यदि निवृत्तिभरण अधिकार पत्र वाहक वा पारिवारिक निवृत्तिभरण अधिकार पत्र वाहकको उक्त उमेर पुगे पश्चात् पाउने थप औषधी उपचार खर्च लिन नपाउँदै मृत्यु भएमा पनि उक्त अवधिको सुविधा सम्बन्धित हकवालालाई दिने। (जस्तैः कुनै निवृत्तिभरण अधिकार पत्र वाहक वा पारिवारिक निवृत्तिभरण अधिकार पत्र वाहकको मृत्यु ७८ वर्षमा भएको अवस्थामा निजले ७५ वर्ष उमेर पूरा भए पश्चात् पाउने थप औषधी उपचार खर्च सुविधा नलिएको भए उक्त अवधिको सुविधा सम्बन्धित हकवालालाई दिन मिल्ने)।

१०. बढुवा गरेर ग्रेड संख्या हिसाब गर्दा सम्बन्धित आ.व.मा सम्बन्धित श्रेणीको तलब स्केल, अधिकतम ग्रेड संख्या र ग्रेडदर ख्याल गर्ने।

११. काठमाडौं उपत्यकाभित्र रहेका संघ अन्तर्गतका सम्पूर्ण निकायहरुमा कार्यरत कर्मचारीको बाहेक अन्य कर्मचारीको तलबी प्रतिवेदन/ग्रेड यकिनको कार्य सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट नै गर्ने।

<u>बोधार्थ</u>

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर काठमाडौंः- सबै कोलेनिकालाई परिपत्र गरिदिनुहन।

०८२।७।२३

महानिर्देशक